# नेपाल मानव अधिकार संगठन
# Human Rights Organisation of Nepal

HURON

Regd. No. 149/053/054
Estd: 1988 A.D. (2045 B.S.)

केन्द्रीय कार्यालय- अनामनगर, काठमाडौं
Central Office- Anamnagar, Kathmandu

Anamnagar-29
G.P.O. Box: 5424
Kathmandu, Nepal
+977-1-5706949/5705948
huron.nepal@gmail.com
www.huronnepal.org


च.नं. ४८।०८०

मितिः २०८०/१२/०१

### सङ्क्रमणकालीन न्याय सम्बन्धमा

नेपाल सरकारले संघीय संसद्मा पेश गरी हाल छलफलमा रहेको बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्ने विद्येयक द्वन्द्वकालीन घटनाका पीडकहरूलाई दण्डित गरी पीडितहरूको पीडालाई मलमपट्टी लगाउने र त्यस्तै किसिमको द्वन्द्वको पुनरावृत्ति हुन रोक्ने तर्फ उन्मुख नभई अन्तर्राष्ट्रिय मानव अधिकार र मानव अधिकार कानूनले समेत माफी मिनाहा दिन नमिल्ने अपराधका दोषी समेतलाई प्रत्यक्ष र परोक्ष रुपमा समग्रमा उन्मुक्ति दिने (Blanket Amnesty) दिशातर्फ उन्मुख रहेको हुनाले उक्त संशोधनले यस नेपाल मानव अधिकार संगठनको गम्भिर रूपले ध्यान आकृष्ट भएको छ ।

नेपाल कम्युनिष्ट पार्टी माओवादीले सुरु गरेको सशस्त्र हिंसात्मक द्वन्दले नेपालको आर्थिक, सामाजिक, राजनीतिक अवस्था र नेपाली जनमानसको सामाजिक अवधारणा, चेतना र व्यवहारमा व्यापक परिवर्तन ल्याएको कुरामा कसैको दुई मत हुन सक्दैन । सोही द्वन्दको परिणाम स्वरुप दुई दुई पटक संविधानसभाको चुनाव भई पछिल्लो संविधानसभाबाट २०७२ सालमा नयाँ संविधान जारी भई नेपाल संघीयता सहितको लोकतान्त्रिक शासन व्यवस्था अन्तर्गत नेपालमा शासन सञ्चालन भैरहेको छ ।

हरेक शसस्त्र द्वन्दले सकारात्मक परिवर्तन मात्र ल्याउने नभई त्यसले मानिसहरूमा शारीरिक, मानसिक, भावनात्मक, पारिवारिक पीडाहरू समेतलाई सँगसँगै लिएर आउँछ । यस्ता पीडाहरूलाई समयमै मलम पट्टी नलगाउने हो भने यसले पीडितहरूको मनमा हीनता, क्लेश, कुण्ठा र बदलाको भावना सूक्ष्म, सदृश्य र अदृष्य रुपमा रहि रहन्छ र यिनीहरूले ऐन मौकामा ठुलो हिंसात्मक घटनाहरू घटित हुन जान्छ भने पीडकहरूकै उन्मुक्तिबाट कुनै पनि तत्वहरूलाई हतियार उठाई हिंसा मच्चाउन सकेमा देशको शासक हुन सकिन्छ भन्ने गलत नजिर समेत कायम हुन जाने कुरामा कसैले असहमत हुनुपर्ने कारण छैन ।

नेपालमा द्वन्दको कारणले पीडा वहन गर्नु परेका र क्षति ब्यहोर्नु परेका व्यक्तिहरूको पीडा वा क्षतिलाई मलमपट्टि लगाउन र परिपूर्ति गर्न सङ्क्रमणकालीन न्याय मार्ग अवलम्बन गरिने भनी २०६३ साल मै द्वन्दरत पक्षहरू बीच विस्तृत शान्ति सम्झौता भएको थियो । तर नेपालमा सङ्क्रमणकालीन न्याय पीडितलाई न्याय दिन र पीडकलाई दण्डित गर्न भन्दा पनि पीडकलाई उन्मुक्ति दिने, पीडकलाई न्यायोचित र समुचित दण्डित गर्नु भन्दा पनि अतिकम मात्रामा दण्ड दिने, सत्ता प्राप्तिको हतियार वनाउने, अन्तर्राष्ट्रिय भूराजनीतिक स्वार्थ प्राप्तिको सुनौलो हतियारको रुपमा रहि आएको छ । नेपालमा सङ्क्रमणकालीन न्याय प्रदान गर्न नीतिगत, कानूनी, संरचनागत व्यवस्थाहरू गरिएको भएपनि ती

व्यवस्थाहरू राष्ट्रिय र अन्तर्राष्ट्रिय तहबाट हेर्दा स्वतन्त्र, सक्षम र निर्भिक रूपले सङ्क्रमणकालीन न्यायलाई टुङ्गोमा पुऱ्याउने किसिमको नरही केवल देखावटी र खोक्रो किसिमको भएको भन्ने कुरा ती नीतिगत, कानूनी र संरचनागत व्यवस्थाहरूका व्यवहारिक कार्यान्वयनबाट देखिएकै हो ।

नागरिक समाज लगायत नेपालको सङ्क्रमणकालीन न्यायिक प्रक्रियामा चासो राख्नेहरूका पटकपटकको खबरदारीका कारण नेपाल सरकार र तत्कालीन द्वन्दरत पक्षहरू बिचमा हाल विद्यमानता रहेको नीतिगत, कानूनी, संरचनागत व्यवस्थाहरू समूल सुधार गर्नुको कुनै विकल्प नै नरहेको भन्ने कुरा महसुस भएको भन्ने कुरा सार्वजनिक कार्यक्रमहरूमा व्यक्त गरेता पनि नेपाल सरकारबाट सङ्क्रमणकालीन न्यायका सन्दर्भमा प्रस्तुत नीतिगत, कानूनी, संरचनागत व्यवस्थाहरूले सर्वस्वीकार्यता र वैधानिकता प्राप्त गर्न सकेको छैन । नेपाल मानव अधिकार संगठन र यस संगठन समेतको संलग्नतामा गठित "न्यायको लागि मानव अधिकार राष्ट्रिय सञ्जालको तर्फबाट पटक पटक सरकारले प्रस्ताव गरेको कानूनी व्यवस्थाको संशोधनले सङ्क्रमणकालीन न्यायका मूल विषय पीडितलाई सत्य अन्वेषण, परिपूरण र क्षतिपूर्ति सहितको न्याय दिन नसक्ने, पीडकलाई न्यायोचित र समुचित दण्ड समेत दिन नसक्ने र नेपालमा दण्डहीनताको संस्कृति संस्थागत हुने हुँदा प्रस्तावित संशोधन पीडित मैत्री, सम्मानित सर्वोच्च अदालतबाट सङ्क्रमणकालीन न्यायको सन्दर्भमा पटकपटक दिएका आदेशहरू अनुरूप र अन्तर्राष्ट्रिय मापदण्ड बमोजिमको हुनुपर्ने भनी नेपाल सरकार लगायत अन्य सरोकारवालाहरू समक्ष माग राखिआएको कुरा सर्वविदितै छ ।

नेपाल सरकारले पेस गरे बमोजिम हाल संघीय संसद्मा विचाराधीन बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्ने विद्येयकमा पनि साविकका प्रस्तावित संशोधन विधेयकमा रहेका सैद्धान्तिक र व्यवहारिक कमी कमजोरीहरू प्रचुर र पर्याप्त मात्रामा रहेको स्पष्ट रूपले देख्न सकिन्छ । ती कमी कमोजारीहरुलाई देहायका बुँदाहरूमा उल्लेख गर्न सकिन्छ:

- मानवअधिकार उल्लङ्घनको घटना भित्र शसस्त्र द्वन्दमा सहभागी व्यक्ति (सैनिक/लडाकु) माथि अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानून र मानवअधिकार कानून उल्लंघन हुने गरी गरिएका मानव अधिकार उल्लंघन र मानवअधिकारको गम्भिर उल्लङ्घनका कार्यहरू, वर्दीमा रहेको तर निशस्त्र व्यक्ति र द्वन्दमा हतियार बोकेकै भएपनि आत्मसपर्मण गरेका व्यक्तिहरू माथि गरेको मानव अधिकार उल्लंघन र मानवअधिकारको गम्भिर उल्लङ्घनका कार्यहरूलाई अपराधको रुपमा परिभाषा भित्र नसमेटी द्वन्दका दुवै तर्फको वर्दिवालहरुले एकआपस विरुद्ध गरिएका आपराधिक कार्यहरूबाट तिनीहरूलाई उन्मुक्ति दिन खोजिएको ।
- पेश गरिएको विधेयकले "मानव अधिकारको गम्भिर उल्लङ्घनको सट्टामा "मानव अधिकारको उल्लंघन र मानव अधिकारको गम्भिर उल्लंघन" वाक्यांश राखी हत्या, यातना, व्यक्ति बेपत्ता पार्ने कार्य, बलात्कार जस्ता मानव अधिकार कानून र मानवीय कानूनले समेत जघन्य ठहर गरेको अपराधलाई सामान्य मानव अधिकार उल्लङ्घनको घटनाको रुपमा व्याख्या गर्न सक्ने अवस्था सृजना गरी दोषीलाई वैधानिक उन्मुक्ति दिन खोजेको ।

- बालबालिकालाई ललाई, फकाई, धम्की दिई शसस्त्र द्वन्दमा संलग्न गराएको कार्यलाई गम्भिर मानव अधिकार र मानवीय कानूनको उल्लङ्घनको अपराधमा नराखी मानव अधिकार तथा मानवीय कानूनको दोषीलाई उन्मुक्ति दिएको ।
- व्यक्तिको ज्यान लिने कार्य आफैमा क्रूर र निदर्यी आपराधिक कार्य हुँदाहुँदै पनि "ज्यान मारेको" अघि " क्रूर यातना दिई वा निर्ममतापूर्वक" वाक्यांश राखी क्रूर र निर्ममतापूर्वक हत्या बाहेक भनी हत्या जस्तो जघन्य अपराधमा संलग्न व्यक्तिलाई प्रचलित फौजदारी कानून विपरित उन्मुक्ति दिने प्रपञ्च गरी ऐन संशोधन प्रस्ताव गरिएको ।
- पेश गरिएको विधेयकले राष्ट्रिय मानव अधिकार आयोग जस्ता कुनै स्वतन्त्र तथा मान्य निकायको सिफारिस बिना नै नेपाल सरकारले नै बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोगका अध्यक्ष र सदस्यहरूलाई मनोगत आधारमा छानविन गराउन सक्ने व्यवस्थाले ती आयोगहरूको स्वतन्त्रतालाई संकुचित गराई राष्ट्रिय संस्थाहरू सम्बन्धी पेरिस सिद्धान्तको विपरित व्यवस्था गर्नुका साथै पूर्व प्रधानन्यायाधीशको अध्यक्षतामा छानबिन समिति बनाउने व्यवस्था गरी नेपालको संविधानको धारा १३२ विपरित गैरसंवैधानिक व्यवस्था गरेको ।
- अन्तरिम राहतको सम्बन्धमा केहीलाई तुरुन्त दिए नदिएको यकिन गर्ने अन्यलाई उधारोमा राहत दिने जस्तो व्यवस्था गरी पीडितहरूलाई पनि अनावश्यक वर्गीकरण गर्दै भेदभाव गर्ने उद्देश्य राखेको र राहतमा पनि मनोमानीलाई प्रश्रय दिने व्यवस्था गरिएको ।
- परिपूरण उपलब्ध गराउँदा प्रदेश र स्थानीय तह बाहेक भ्रष्टाचार जस्ता सार्वजनिक एवं प्रचलित कानून बमोजिम नै जिम्मेवार बनाउन नसकिने संघ संस्था तथा निजी क्षेत्रसँग पनि परिपूरणको सहकार्य गर्ने भन्ने व्यवस्थाले फेरी वास्तविक पीडितलाई राहत पुग्ने भन्दा पीडितको नाउँमा रजाई गर्न सक्ने व्यवस्था गरि पीडितको नाउँमा पीडितलाई प्रत्यक्ष र परोक्ष रुपमा शोषण गर्न सक्ने व्यवस्था गरेको ।
- सबै गम्भिर मानव अधिकार उल्लङ्घनको घटनालाई नै मानव अधिकार उल्लंघन घटनाको रुपमा व्याख्या गर्ने वा कायमै राख्ने व्यवस्था गरि सकेपछि गम्भिर मानव अधिकार उल्लङ्घनमा संलग्नलाई क्षमादानको सिफारिस नगरिने भन्ने व्यवस्था (दफा २६(२)) केवल हात्तीको देखाउने दाँत रहेको ।
- प्रस्तुत विधेयकले सत्य निरुपण तथा मेलमिलाप आयोग एवं बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको पदाधिकारीहरूको समयावधि म्याद थप समेत गर्न नसकिने गरी २ वर्ष प्रस्ताव गरिएको छ । उक्त पदावधिमा ती आयोगहरूले आफ्नो कामहरू गर्न नसक्ने नेपालको आफ्नै अनुभवहरूले पनि सिद्ध गरिसकेको छ । हाल सत्य निरुपण तथा मेलमिलाप आयोगमा करिव ६० हजार उजुरी एवं बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगमा करिव ३ हजार उजुरीहरू दर्ता भएका छन् । हालसम्म नेपाल सरकारले उपलब्ध गराएको साधन श्रोत र जनशक्तिहरुको आधारमा ती आयोगहरूले म्यादभित्रै काम सम्पन्न गर्न सक्छन् भन्ने कुरामा विश्वास गर्न सकिने ठाउँ छैन । आयोगका पदाधिकारीहरूको सेवाअवधि २ वर्ष मात्र कायम गरी आवश्यकताको आधारमा म्याद थप गर्न सकिने व्यवस्था नराख्नु भनेको ती आयोगहरू पटक

पटक भंग हुने अवस्था ल्याउनु हो । यसबाट प्रत्यक्ष र परोक्ष रुपमा दोषीहरूलाई दण्डबाट उन्मुक्ति नै दिनु हो ।

- आयोगबाट ठहर बमोजिम मुद्दा चलाउन महान्यायाधिवक्तालाई सिफारिस गर्दा समेत महान्यायाधिवक्तालाई अनिवार्य रुपमा मुद्दा चलाउन अनिवार्यता नगरी चलाउने वा नचलाउने स्वेच्छाचारी अधिकार प्रदान गरी न्यायलाई परोक्ष रुपमा कार्यपालिकाको दयाको विषयवस्तु बनाइनुका साथै शक्तिशाली किसिमका पीडकलाई वैधानिक रूपले उन्मुक्ति प्रदान गर्ने व्यवस्था गरी Blanket Amnesty लाई संस्थागत गरेको ।
- पीडितलाई पीडित राहत कोष जस्ता तटस्थ निकाय मार्फत राहत उपलब्ध गराउने व्यवस्था नगरी पीडकबाट सिधै राहत क्षतिपूर्ति उपलब्ध गराउने व्यवस्थाले नेपालको कानूनी व्यवस्थामा पीडितलाई पीडकको दयाको पात्र बनाइनुको साथै नेपालमा पनि मध्यपूर्वका केही देशमा रहेको Blood Money को व्यवस्था संस्थागत गर्न खोजेको देखिन्छ । कालान्तरमा यो व्यवस्थाले नेपाली समाजमा पनि गरिब र निमुखा व्यक्तिलाई बस्तुकरण गर्नेछ ।
- हद म्यादको तगारो खडा गरी मुद्दानै नचल्ने परिस्थितिको सृजना गराएको र फौजदारी अनुसन्धान प्रक्रियालाई ओझेलमा पारेको, जसले मुद्दा हालेपनि उचित अनुसन्धानको अभावमा पीडकले उन्मुक्ति पाउने पक्का रहेको छ ।
- मुलुकी देवानी संहिताले व्यक्ति बेपत्ता भएको अवस्थामा सम्पत्ति हस्तान्तरण सम्बन्धी व्यवस्था गरेकोमा त्यसको प्रभावकारी कार्यान्वयनको लागी विशेष व्यवस्था गर्नुपर्नेमा सो नगरी बेपत्ता भएको व्यक्तिको सम्पत्ति हस्तान्तरण कार्यलाई गिजोलेर पीडितलाई झन पीडित बनाउन खोजेको ।
- प्रस्तावित संशोधनले मानव अधिकारको गम्भिर उल्लंघन सम्बन्धी मुद्दाहरू हेर्न विशेष अदालत गठनको व्यवस्था गरेको छ । त्यो आफैमा हास्यास्पद छ किनकि प्रस्तावित विधेयकमा साविक ऐनमा प्रयुक्त रहेको “मानव अधिकारको गम्भिर उल्लंघन” को सट्टामा “मानव अधिकारको उल्लंघन र मानव अधिकारको गम्भिर उल्लंघन” वाक्यांश राखी संशोधन प्रस्ताव गरिएको छ । यसले सबै मानव अधिकारको गम्भिर उल्लङ्घनका घटनाहरूलाई मानव अधिकारको उल्लङ्घनको घटनाको रुपमा समेटी दोषीलाई उन्मुक्ति दिन खोजिएको देखिन्छ । यस्तो अवस्थामा प्रस्तावित विशेष अदालतको कुनै औचित्य समेत देखिदैन ।
- फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ ले सजाय निर्धारण एवं कैदको भुक्तानीका सम्बन्धमा आधुनिक र परिमार्जित व्यवस्था गरेको छ । सङ्क्रमणकालीन न्यायको व्यवस्था छुट्टै व्यवस्था नभई देशको आन्तरिक कानूनी व्यवस्थाको सहयोगी व्यवस्था मात्र हो । द्वन्दको मानवअधिकार उल्लङ्घनका घटनामा संलग्न दोषीहरूलाई पनि बहाल रहेको फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ ले सजाय निर्धारण एवं कैदको भुक्तानी -प्रोवेशन, पेरोल आदि) हुनु अनिवार्य छ । प्रस्तावित विधेयकले मानव अधिकारको गम्भिर उल्लङ्घनको दोषीलाई कम सजाय दिनुपर्ने व्यवस्था गरेको छ । यसले नेपालको फौजदारी कानून र दण्ड सम्बन्धित व्यवस्थालाई पराजित गरी दण्डहीनतालाई प्रत्यक्ष एवं परोक्ष रूपले सघाउने देखिन्छ ।

माथिका तथ्य आधार कारणबाट नेपाल सरकारले प्रतिनिधि सभामा पेश गरेको बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्ने विधेयक नेपालको संविधान, नेपालको न्यायिक व्यवस्था, प्रचलित कानून, नेपाल पक्ष भएको मानवअधिकार कानून र मानवीय कानूनको व्यवस्था, सङ्क्रमणकालीन न्यायका सिद्धान्त, सम्मानित सर्वोच्च अदालतबाट विभिन्न मुद्दाहरूमा गरेको फैसला आदेश विपरित पीडितलाई झन पीडित बनाउने किसिमको भएकाले प्रस्तावित संसोधन विधेयक यथा स्वरूपमा पारित नगर्न नगराउन प्रतिनिधि सभा तथा राष्ट्रिय सभाका माननीय सदस्यहरू र नेपाल सरकार समक्ष जोडदार रूपले माग गर्दछ ।

अध्यक्ष

ईन्द्र प्रसाद अर्याल